प्रति शेयर रू.१००/- अंकित दरको
४३,२०,००० कित्ता हकप्रद शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

IME GENERAL INSURANCE

आइएमई जनरल इन्स्योरेन्स लिमिटेड

केन्द्रीय कार्यालय : नारायणचौर, नक्साल, काठमाण्डौ, पोष्ट बक्स नं. २१७४६
फोन नं.: ४४११५२०, फ्याक्स नं. :४४११७३६
इमेल: info@iginepal.com, वेवसाइट: www.iginepal.com

को

१० कित्ता शेयर बराबर नयाँ ८ कित्ता शेयरको

हकप्रद शेयर निष्कासन सम्बन्धी सूचना

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:

निष्कासन खुल्ला मितिः २०७५/०९/१७ गते

निष्कासन बन्द हुने मितिः २०७५/१०/२१ गते
(बैकिङ्ग समय पश्चात्)

कम्पनीको विद्यमान रु. ५४ करोड बराबर चुक्ता पूँजीमा दश शेयर बराबर नयाँ आठ (१० : ८) शेयरको अनुपातमा रु.१००/- अंकित दरका ४३,२०,००० कित्ता हकप्रद शेयर मिति २०७५/०८/०७ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्कासन गर्नको लागि प्रकाशित गरिएको ।

श्री नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत मिति २०७५/०७/१८

१. कम्पनीको नाम : आइएमई जनरल इन्स्योरेन्स लिमिटेड (IME General Insurance Limited) ।

२. रजिष्टर्ड कार्यालय : यस कम्पनीको रजिष्टर्ड कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौमा रहेको छ ।

३. कारोवार स्थान :

यस कम्पनीको रजिष्टर्ड कार्यालय (१) नारायणचौर नक्साल, काठमाण्डौ नेपालबाट बीमा सम्बन्धी कारोबार गर्दै आइरहेको छ । यसको अलवा (२) दमक (३) हटहरी (४) बिराटनगर (५)ओखलढुंगा (६) सोलुखुम्व (७) बीरगंज (८) जनकपुर (९) बर्दिवास (१०) दोलखा (११) रामेछाप (१२) बनेपा (१३) सल्लाघारी, भक्तपुर (१४) जावलाखेल, ललितपुर (१५) कोटेश्वर, काठमाण्डौ (१६) गोंगबु (१७) न्यूरोड, काठमाण्डौ (१८) कलंकी, काठमाण्डौ (१९) बौद्ध, काठमाण्डौ (२०) टेकू, काठमाण्डौं (२१) नारायणगढ (२२) हेटौंडा (२३) पोखरा (२४) बाग्लुङ, (२५) बुटवल (२६) कावासोती, नवलपरासी (२७) भैरहवा (२८) पाल्पा (२९) घोराही, दाङ (३०) नेपालगञ्ज (३१) सुर्खेत (३२) धनगढी (३३) महेन्द्रनगर (३४) बैरेनी धादिङ्ग (३५) तुलसीपुर, दाङ (३६) वालिङ्ग, स्याङ्जा (३७) टांडी, चितवन (३८) डडेलधुरा (३९) बट्टार, नुवाकोट शाखा कार्यालयहरु र (४०) विर्तामोड (४१) धरान (४२) बिराटचोक (४३) आबुखैरेनी, धादिङ उपशाखा कार्यालयहरुबाट समेत यस कम्पनीले बीमा सम्बन्धी काम गर्दै आइरहेको छ । यस कम्पनीले भविष्यमा आवश्यकता अनुसार बीमा समितिको स्वीकृति लिई अन्य उपयुक्त स्थानहरुमा आफ्नो शाखा, उपशाखा वा अन्य कार्यालयहरु खोली कारोवार गर्दै जाने लक्ष्य रहेको छ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

संगठित संस्थाको संक्षिप्त परिचय: यस कम्पनी प्रचलित कम्पनी ऐन, बमोजिम मिति २०५५/१०/१२ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । बीमा ऐन, २०४९ अनुसार मिति २०५७/१०/१० मा निर्जीवन बीमा सम्बन्धी कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०५७/१०/१९ गतेदेखि विधिवत रुपमा निर्जीवन बीमा सम्बन्धी कारोवार प्रारम्भ गरेको हो ।

संगठित संस्थाको उद्देश्य: कम्पनीको प्रबन्धपत्रको दफा ३ तथा नियमावलीको नियम ३ मा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छः

(क) सम्पत्तिको संरक्षण गर्नको लागि विभिन्न किसिमको बीमा (अग्नी बीमा, मोटर बीमा, दुर्घटना बीमा, सामुन्द्रिक बीमा, हवाई बीमा, इन्जिनियरिङ्ग बीमा, चोरी बीमा आदि) सम्बन्धि सबै किसिमको निर्जीवन बीमा तथा स्वास्थ यात्रा बीमा गर्ने गराउने ।
(ख) सम्पत्तिको संरक्षण लागि तथा बीमीत व्यक्तिहरुको हित र सुविधाको लागि विभिन्न बीमा कम्पनीहरुको पुनर्बिमा स्वीकार गर्ने तथा पुनर्बिमा गराउने ।
(ग) स्वीकृति लिनु पर्नेमा स्वीकृति लिई स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुसँग मिली वा छुटाछुटै किसिमको बीमा व्यवसाय गर्ने गराउने ।
(घ) स्वदेश तथा विदेशमा बीमा, पुनर्विमा (ब्रोकर) दावी निर्धारण कर्ता, फछ्र्यौट कर्ता नियुक्त गर्ने गराउने ।
(ङ.) बीमा, पुनर्बिमा, व्यवसायको लागि स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुको प्रतिनिधी (अभिकर्ता), ब्रोकर (दलाल) भई काम गर्ने गराउने ।
(च) प्रचलित कानुन बमोजिम स्वीकृति लिनु पर्नेमा स्वीकृति लिई स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुसंग सम्झौता गरी संयुक्त लगानीमा बीमा व्यवसाय गर्ने, गराउने ।
(छ) स्वदेश तथा विदेशमा बीमा, पुनर्विमा, दावी निर्धारण कर्ता, फछ्र्यौट कर्ता वा ब्रोकर नियुक्त गर्ने गराउने ।
(ज) बीमा व्यवसायबाट प्राप्त भएको रकम बीमा ऐनमा रही विभिन्न क्षेत्रमा लगानी गरी बीमा व्यवसायलाई प्रवर्द्धन गर्ने ।

५. शेयर पूँजीको संरचना :

क) अधिकृत पूँजी : यस कम्पनीको अधिकृत पूँजी रु.२,००,००,००,०००/- (अक्षरेपी दुई अर्व मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा २,००,००,००० (दुई करोड मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) जारी पूँजी : यस कम्पनीको जारी पूँजी रु.९७,२०,००,०००/- (अक्षरेपी सन्तानब्बे करोड बीस लाख मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ९७,२०,००० (सन्तानब्बे लाख बीस हजार) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) चुक्ता पूँजी : हाल यस कम्पनीको चुक्ता पूँजी रु.५४,००,००,०००/- (अक्षरेपी चौवन्न करोड मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ५४,००,००० (चौवन्न लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु.९७,२०,००,०००/- (अक्षरेपी सन्तानब्बे करोड बीस लाख मात्र) हुनेछ ।

६. शेयरको हकप्रद निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना :

शेयरको हकप्रद निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचनाः

शेयरधनीहरु	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
संस्थापक शेयरधनीहरु	७७,७६,०००	७७,७६,००,०००.००	८०%	१००%
सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	१९,४४,०००	१९,४४,००,०००.००	२०%	१००%
जम्मा	९७,२०,०००	९७,२०,००,०००.००	१००%	

७. सञ्चालकहरु तथा कार्यकारी प्रमुखको परिचय :

कम्पनीको सञ्चालक समितिमा देहाय बमोजिमका व्यक्तिहरु सञ्चालक रहनुभएको छः

क्र.सं.	नाम	पद	ठेगाना	शैक्षिक योग्यता	अनुभव
१.	हेमराज ढकाल (संस्थापक समूह क)	अध्यक्ष	अमलाचौर-४, बाग्लुङ	स्नातकोत्तर-TU EMP-MIT USA OPM-Harward	- आइएमई ग्रुप अफ कम्पनीका संस्थापक तथा प्रबन्ध संचालक । - संस्थापक अध्यक्ष, हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड, लैनचौर, काठमाण्डौ । - नेपालको दोश्रो केवलकार चन्द्रागिरी हिल्स लिमिटेडका संस्थापक संचालक । - अध्यक्ष डिस मिडिया नेटवर्क प्रा.लि. । - पूर्व अध्यक्ष, आइएमई फाइनान्स - ७ बर्ष । (ग्लोबल बैंकसंग मर्जर पश्चात ग्लोबल आइएमई बैंक लि. भएको) - अध्यक्ष नेपाल इन्डोनेशिया चेम्बर अफ कमर्स एण्ड इन्डष्ट्रिज । - महासचिब नेपाल मलेशिया चेम्बर अफ कमर्स एण्ड इन्डष्ट्रिज ।
२.	प्रताप जंग पाण्डे (संस्थापक समूह क)	संचालक	बालुवाटार-४ काठमाडौं	स्नातकोत्तर	- बैंक तथा वित्त कम्पनीमा १७ बर्षको अनुभव । - हाल कैलास हेलिकप्टर सर्भिस प्रा.लि.मा प्रबन्ध संचालक ।
३.	सुरेश देवकोटा प्रतिनिधि (नेपाल बङ्गलादेश बैंक लि., (संस्थापक समूह क)	संचालक	सल्लाघारी-१७ भक्तपुर	चार्टड एकाउण्टेण्ट तथा स्नातकोत्तर	- सन २००७ देखि नेपाल बङ्गलादेश बैंक लि. मा कार्यरत रही हाल प्रमुख संचालन अधिकृतको रुपमा कार्यरत । - नेपाल बैंक लिमिटेडमा निरीक्षण तथा आन्तरिक लेखा परीक्षण विभागमा प्रबन्धकका रुपमा सन् २००५ देखि २००७ सम्मको कार्यानुभव ।
४.	योगेन्द्र राई प्रतिनिधि (बालाजी इन्टरनेशनल प्रा.लि. (संस्थापक समूह क)	संचालक	दिक्टेल न.पा. वडा नं.११ खोटाङ्ग	स्नातकोत्तर	- पूर्व संचालक - नेशनल हाइड्रो पावर कम्पनी लि. ।
५.	कुमार पौडेल (सर्वसाधारण समूह ख)	संचालक	देवदह-८, रुपन्देही	स्नातकोत्तर	- आरोही टूर्स एण्ड ट्राभल्समा २०१५ देखि हालसम्म अध्यक्ष रहेको । - अल्का इन्भेष्टमेण्ट प्रा.लि.मा सन २००९ देखि संचालक । - संचालक अरुण फाइनान्स लि. २०१५ देखि २०१७ सम्म ।
६.	राजेन्द्र सिंह भण्डारी (सर्वसाधारण समूह ख)	संचालक	बैतडी, पाटन गा.वि.स वडा नं. ९	स्नातकोत्तर	- पुर्व अतिरिक्त प्रहरी महानिरीक्षक । - संयुक्त राष्ट्र संघको शान्ति स्थापनार्थ मोजाम्बिक, सुइडेनमा कार्यानुभव । - विभिन्न सभा सम्मेलनको लागि आवश्यक प्रशिक्षण सामाग्रिहरु प्रकाशित । - राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको विभिन्न महत्वपुर्ण विषयहरुमा लेख, रचना, किताब लेखन तथा प्रकाशन, वित्तीय अनुसन्धान सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम प्राप्त । - केन्द्रीय अनुसन्धान ब्युरोको संस्थापक निर्देशक ।

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण:

नाम	पद	ठेगाना	योग्यता	अनुभव
युगेश भक्त वादे श्रेष्ठ	प्रमूख कार्यकारी अधिकृत	ढल्को, क्षेत्रपाटी-१७, काठमाडौं	स्नातक	- होटल ब्लुस्टार मा विजनेश सर्भिस एसिष्टेण्टको रुपमा सन १९८९ देखि १९९२ सम्म कार्यानुभव । - होटल त्रिदेवी, ठमेलमा संचालन प्रबन्धकको रुपमा सन १९९४ देखि १९९६ सम्म कार्यानुभव । - प्रभु इन्स्योरेन्स कम्पनी लि.मा ६ बर्षसम्म कार्यकारी अधिकृत तहको अनुभव सहित निर्जीवन बीमा क्षेत्रमा २४ बर्ष भन्दा बढीको कार्यानुभव ।

८. सञ्चालक समितिको बनौट :

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ८ (आठ) जना संचालक सदस्य रहेको संचालक समिति देहाय बमोजिम गठन गरिएको छ

समूह "क"वर्गका शेयरधनीहरुबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित संचालकहरु	५ (पाँच) जना
समूह "ख" वर्गका शेयरधनीहरुबाट निर्वाचित संचालक	२ (दुई) जना
स्वतन्त्र सञ्चालक	१ (एक) जना

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ । हाल स्वतन्त्र संचालक रिक्त रहि नियुक्ती गर्ने प्रक्रियामा रहेको ।

९ निष्कासन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :

कम्पनीको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या ५४,००,००० कित्ताको १० : ८ (अर्थात विद्यमान दश शेयर बराबर नयाँ आठ कित्ता शेयर) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले जम्मा ४३,२०,००० कित्ता हकप्रद शेयर निष्कासन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः

कुनै शेयरधनीले आफुले हकप्रद शेयर खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि पनि दरखास्त दिन पाइने छ । यसरी कम शेयरका लागि दरखास्त दिएमा सोहि बमोजिम नै गणना कायम गरिनेछ । दरखास्त साथ प्रति शेयर रु.१००/- का दरले आवेदन गर्ने शेयर संख्यालाई गुणान गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो रकम बराबरको संकलन केन्द्रको नाममा खिचिएको A/C Payee चेक दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएको खण्डमा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा १५ मा भएको व्यवस्था वमोजिम लिलाम बढाबढ प्रकृया अवलम्बन गरी बिक्री गरिने छ ।

१२. हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :

हकप्रद शेयरको अनुपात भन्दा वढी शेयर खरिद गर्न पाइने छैन । हकप्रद शेयर खरिद गर्दा हकप्रद शेयरको अनुपातभन्दा बढी शेयर खरिद गर्न नपाउने तर आफ्नो कायम हक अनुसार खरिद गर्न पाउने हकप्रद शेयर खण्डिकृत हुन आएमा खण्डिकृत अंकलाई १ अंक गणना गर्ने गरी माथिल्लो पूर्ण अंक (Upper hold) मा परिणत गरी आवेदन दिन पाइने छ तर दशमलवमा आउने गरी शेयर आवेदन दिन पाइने छैन । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्कासनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्कासन गरिएको सम्पूर्ण शेयरको लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृति लिई कम्पनीको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । त्यसो गर्दा कम्पनीको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा थप धितोपत्रहरु बोर्डमा दर्ता गरी सो को अनुमोदन आगामी साधारण सभाबाट गराइनेछ ।

१३. कम्पनीको विगत तीन वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण :

कम्पनीको विगत तीन आर्थिक वर्ष (आ.व.) को वास्तविक, र आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ :

वासलात

(रु. हजारमा)

विवरण	वास्तविक			अपरिष्कृत*	प्रक्षेपित		
	आ.ब.०७१/७२	आ.ब.०७२/७३	आ.ब.०७३/७४	आ.ब.०७४/७५	आ.ब.०७५/७६	आ.ब.०७६/७७	आ.ब.०७७/७८
श्रोत							
१. चुक्ता पूँजी	१५०,०००	१५०,०००	२७०,०००	५४०,०००	१,०२०,६००	१,०२०,६००	१,०२०,६००
२. जगेडा तथा कोष	६०,७५६	४८,२३३	८१,६१५	११६,१४९	१९९,०८८	३३५,२७८	५०८,६११
३. बीमा कोष	३६,७८५	५१,९१६	९३,५४९	१७७,९७७	२९०,७९८	४४२,१२०	६३४,७१३
४. महा-विपत्ती जगेडा	-	-	-	१३८	११,४२०	२६,५५३	४५,८१२
५. तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी	-	-	-	--	-	-	-
कूल श्रोत (१+२+३+४+५)	२,४७,५४२	२,५०,१४९	४४५,१६४	८३४,२६४	१,५२१,९०६	१,८२४,५५१	२,२०९,७३६
उपयोग							
६. स्थिर सम्पत्ति (खुद)	३,८३९	१२,८२६	१६,१५६	२९,८३०	४१,३३१	५१,१६८	६०,१४१
७. दिर्घकालिन लगानी	१२४,०८७	१३२,३७७	१४६,७१५	१८९,९९८	३१४,९९८	३९२,४९८	४८२,४९८
८. दिर्घकालिन कर्जा	-	-	-	-	-	-	-
चालु तथा अन्य सम्पत्ति							
९. नगद तथा बैंक मौज्दात	९५,५१३	३३६,६८०	१४५,६१४	१५३,८५७	२५१,५३६	२९८,९१५	३०८,१८३
१०. अल्पकालिन लगानी	२०,०२५	४४,०२५	३४२,५००	७५४,७००	१,३०७,२००	१,५२७,२००	१,८३६,२००
११. अन्य अल्पकालिन कर्जा	-	-	-	-	-	-	-
१२. अन्य सम्पत्ति	१८५,१३९	१७६,७१०	३८३,२११	२९५,९०५	३२२,३१५	४२६,०५२	५६२,५३१
जम्मा (क)(९+१०+११+१२)	३००,६७७	५५७,४१६	८७१,३२५	१,२०४,४६४	१,८८१,०५१	२,२५२,१६७	२,७०६,९१४
चालु दायित्व तथा व्यवस्थाहरु	-	-	-	-	-	-	-
१३. चालु दायित्व	२०१,१८१	४१२,७८७	३५९,२०२	१३०,४०१	१२६,३३६	१३२,९८२	१३९,७१४
१४. असमाप्त जोखिम बापत व्यवस्था	१,५३४	५५,५८४	१५१,५४६	२१३,५०२	३३१,३०६	४०९,१६९	५०१,१५०
१५. भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	६४,९७९	३८,२९१	५८,०१५	६२,५७३	१४३,३११	१९७,०१७	२४७,१९८
१६. अन्य व्यवस्था	९९,३५२	१०४,४५८	१२५,३६३	१८३,५५०	११४,५२१	१३२,११३	१५१,७५३
जम्मा (ख)(१३+१४+१५+१६)	३६७,०४५	६११,११९	६९४,१२६	५९०,०२६	७१५,४७४	८७१,२८१	१,०३९,८१६
१७. खूद चालु सम्पत्ति (ग=क-ख)	(६६,३६९)	(५३,७०४)	१७७,१९९	६१४,४३६	१,१६५,५७७	१,३८०,८८६	१,६६७,०९८
१८.अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु	-	-	-	-	-	-	-
१९.नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	१८५,९८५	१,५८,६५१	१०५,०९३	-	-	-	-
कुल उपयोग (६+७+८+१७+१८+१९)	२४७,५४२	२,५०,१४९	४४५,१६४	८३४,२६४	१,५२१,९०६	१,८२४,५५१	२,२०९,७३६

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक			अपरिष्कृत*	प्रक्षेपित		
	आ.ब.०७१/७२	आ.ब.०७२/७३	आ.ब.०७३/७४	आ.ब.०७४/७५	आ.ब.०७५/७६	आ.ब.०७६/७७	आ.ब.०७७/७८
आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान)	८०,५३६	५१,१५०	१३१,१०६	२६३,५८८	३३८,३१९	४३०,७३५	५५४,८६४
लगानी कर्जा तथा अन्यबाट आय	६,२०९	३,९४३	२,९७०	२५,९१८	३०,८५३	६८,८३१	७८,३३८
व्यवस्था फिर्ता	२,५५१	९,१४६	१७,९२०	५,६१९	८,५८१	-	-
अन्य आम्दानी	-	-	-	-	-	-	-
जम्मा आम्दानी (क)	८९,२९६	६४,२३९	१५१,९९६	२९५,१२५	३७७,७५३	४९९,५६७	६३३,२०२
खर्च							
व्यवस्थापन खर्च	२२,०३६	४,४६२	८,०१८	१४,१४४	२०,१७२	२३,१०७	२६,९६१
अपलेखन खर्च	-	-	-	-	-	-	-
शेयर सम्बन्धी खर्च	२५९	१,०७८	२,१५४	२,५७३	३,०००	८७५	९५०
अन्य खर्चहरु	-	२,५३२	१,८९४	८,६००	-	-	-
नोक्सानीको लागि व्यवस्था	२६,२६६	९,१०५	५,०००	२७२६	-	-	-
कर्मचारी आवास व्यवस्था	-	-	-	-	-	-	-
कर्मचारी बोनस व्यवस्था	३,७०३	४,२७८	१२,२६६	२४,२८०	३२,२३५	४३,२३५	५५,०२६
समायोजित आयकर	(१,०२८)	१२,५२३	३९,३९७	७३,९४६	९६,७०४	१२९,७०५	१६५,०७९
अ) आयकर	-	-	२७,४७३	७३,८४१	९६,७०४	१२९,७०५	१६५,०७९
आ) स्थगन कर सम्पत्ति/दायित्व	१,०२८	(१२,५२३)	(११,९२४)	(१०५)			
जम्मा खर्च (ख)	५१,२३७	३३,९७८	६८,७३०	१२६,२७०	१५२,१११	१९६,९२२	२४८,०१७
खूद नाफा / (नोक्सान) (ग=क-ख)	३८,०६०	३०,२६१	८३,२६६	१६८,८५६	२२५,६४३	३०२,६४५	३८५,१८५
बीमा कोषमा सारेको	१९,०३०	१५,१३०	४१,६३३	८४,४२८	११२,८२१	१५१,३२२	१९२,५९३
अघिल्लो वर्षसंग सम्बन्धित खर्च	१४३	३१९					
अघिल्लो वर्षबाट सारिएको नाफा / (नोक्सान)	(२०३,८४३)	(१,८५,९८५)	(१५८,६५०)	(८३,०४५)	१,३४९	१०२,८८८	२३९,०७९
बाँडफाँटको लागि उपलब्ध रकम	(१८४,९५७)	(१७१,१७४)	(११७,०१८)	१,३८३	११४,१७१	२५४,२११	४३१,६७१
शेयर प्रिमियमबाट सारेको रकम	-	-	-	४८,६००	-	-	-
क) स्थगन कर जगेडा	१,०२८	(१२,५२३)	(११,९२४)	(१०५)	-	-	-
ख) पूँजीगत जगेडा	-	-	-	-	-	-	-
ग) विशेष जगेडा	-	-	-	-	-	-	-
घ) अन्य जगेडा	-	-	-	-	-	-	-
ङ) प्रस्तावित लाभांश (बोनस शेयर)	-	-	-	४८,६००	-	-	-
च) महाविपत्ती जगेडा	-	-	-	१३८	११,२८२	१५,१३२	१९,२५९
वासलातमा सारेको नाफा/(नोक्सान)	(१८५,९८५)	(१५८,६५१)	(१०५,०९३)	१,३४९	१०२,८८८	२३९,०७९	४१२,४१२

एकिकृत आय-व्यय हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक			अपरिष्कृत*	प्रक्षेपित		
	आ.ब.०७१/७२	आ.ब.०७२/७३	आ.ब.०७३/७४	आ.ब.०७४/७५	आ.ब.०७५/७६	आ.ब.०७६/७७	आ.ब.०७७/७८
आय							
बीमा शुल्क (खुद)	२,६८९	११०,०८१	३०२,९९७	४२६,०६९	६५८,५३०	८००,२५०	९६९,३००
पुनर्बीमा कमिशन आय	५१७	२९,२६७	६७,२०४	१४२,७०३	१४६,६१३	१८८,४२७	२३५,९३३
लगानी, कर्जा तथा अन्यबाट आय	६५,४८४	१४,३९५	२२,१२७	४७,६०४	९७,९०३	६६,४०४	८१,५६१
अन्य प्रत्यक्ष आय	-	-	-	-	-	-	-
आर्थिक बर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	६६,६५६	६४,९७९	३८,२९१	५८,०१५	६२,५७३	१४३,३११	१९७,०१७
आर्थिक वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था	१९,३६५	१,३४९	५५,५३६	१५१,०७८	२११,४६२	३२२,२६१	३९२,६६९
जम्मा आय (क)	१५४,७११	२२०,०७२	४८६,१५५	८२५,४७०	१,१७७,०८०	१,५२०,६५३	१,८७६,४८०
व्यय							
दावी भुक्तानी (खुद)	६,३६०	२८,५२०	५०,९२१	११७,६४३	१३५,०२३	२२१,७७८	२६९,०६६
अभिकर्ता कमिशन	५१	४,२८८	११,५०९	२०,५३३	३२,२५७	३९,६३८	४७,९०५
पुनर्बीमा कमिशन खर्च	-	७६६	६,७१२	१५,०८०	१०,७७२	१५,३९६	२०,४५८
सेवा शुल्क (खुद)	२७	१,१०१	३,०३०	४,२६१	६,५८५	८,००३	९,६९३
अन्य प्रत्यक्ष खर्च	-	३९९	१,१९९	१४६०	-	-	-
व्यवस्थापन खर्च	१,४१४	४०,१५६	७२,१६३	१२७,२९८	१८१,५४८	२०७,९६१	२४२,६४६
आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	६४,९७९	३८,२९१	५८,०१५	६२,५७३	१४३,३११	१९७,०१७	२४७,१९८
आर्थिक वर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था	१,३४५	५५,३९९	१५१,४९९	२१३,०३४	३२९,२६५	४००,१२५	४८४,६५०
जम्मा व्यय (ख)	७४,१७५	१६८,९२२	३५५,०४९	५६१,८८२	८३८,७६२	१,०८९,९१८	१,३२१,६१६
नाफा नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान) (ग=क-ख)	८०,५३६	५१,१५०	१३१,१०६	२६३,५८८	३३८,३१९	४३०,७३५	५५४,८६४

कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवोर्थ) देहाय बमोजिम रहेको छ । (रु. हजारमा)

विवरण	वास्तविक			अपरिष्कृत*	प्रक्षेपित		
	आ.ब.०७१/७२	आ.ब.०७२/७३	आ.ब.०७३/७४	आ.ब.०७४/७५	आ.ब.०७५/७६	आ.ब.०७६/७७	आ.ब.०७७/७८
शेयर पूँजी	१५०,०००	१,५०,०००	२७०,०००	५४०,०००	१,०२०,६००	१,०२०,६००	१,०२०,६००
जगेडा तथा कोषहरु	६०,७५६	४८,२३३	८१,६१६	११६,१४९	१९९,०८८	३३५,२७८	५०८,६११
बीमा कोष	३६,७८५	५१,९१६	९३,५४९	१७७,९७७	२९०,७९८	४४२,१२०	६३४,७१३
महा-विपत्ती जगेडा	-	-	-	१३८	११,४२०	२६,५५३	४५,८१२
जम्मा	२४७,५४२	२५०,१४९	४४५,१६४	८३४,२६४	१,५२१,९०६	१,८२४,५५१	२,२०९,७३६
स्थागन कर/अपलेखन हुन बाँकी खर्च	-	-	-	-	-	-	-
नाफा नोक्सान हिसाबबाट सारिएको (नोक्सान)	(१८५,९८५)	(१५८,६५१)	(१०५,०९३)	-	-	-	-
कूल नेटवर्थ	६१,५५७	९१,४९८	३४०,०७१	८३४,२६४	१,५२१,९०६	१,८२४,५५१	२,२०९,७३६
शेयर संख्या (१००० मा)	१,५००.००	१,५००.००	२,७००.००	५,४००.००	१०,२०६.००	१०,२०६.००	१०,२०६.००
प्रति शेयर नेटवर्थ (रु.)	४१.०४	६१.००	१२५.९५	१५४.४९	१४९.१२	१७८.७७	२१६.५१
प्रति शेयर आम्दानी (रु.)	२५.३७	२०.१७	३०.८४	३१.२७	२२.११	२९.६५	३७.७४
नेटवर्थमा प्रतिफल (%)	६१.८२	३३.०७	२४.४९	२०.२४	१४.८३	१६.५९	१७.४३
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००

निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (Minimum return on increased networth required to maintain pre issue EPS) = २८.८६%

* व्यवस्थापनद्वारा प्रमाणित अपरिष्कृत वित्तीय विवरण अनुसार ।
द्रष्टव्यः यस वित्तीय प्रक्षेपण कम्पनी स्वयंले तयार गरेको हो र विश्लेषण आर.एस. एण्ड एसोसियट्सका चार्टर्ड एकाउण्टेण्टस श्री सुरेन्द्र श्रेष्ठज्यूले गर्नु भएको हो र यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको सो कम्पनीको उद्घोषण गरेको छ ।

१४. संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :

क) नयाँ निर्जीवन बीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) अन्तराष्ट्रिय बजारको आर्थिक मन्दीले प्रत्यक्ष असर बीमा लगानीको क्षेत्रमा पर्न सक्ने भएकोले सोबाट हुने जोखिमहरु ।
ग) देशको राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
घ) नेपाल सरकारले वर्तमान बीमा सेवा नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरे सोबाट कम्पनीको आयमा असर पर्न जोखिम ।
ङ) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
च) कम्पनीको लगानी खराब भई हुन सक्ने जोखिमहरु ।
छ) भुकम्प लगायत प्राकृतिक प्रकोपबाट हुनसक्ने जोखिमहरु ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : निष्कासन गरिएको शेयर मूल्य रु.१००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।
कम्पनीले व्यापक रुपमा विश्वव्यापी आर्थिक मन्दी, क्रयशक्तिमा ह्रास, निर्जीवन बीमा सम्बन्धि सर्वसाधारणमा जनचेतनाको कमी, विद्यमान राजनैतिक अस्थिरता, बीमा बजारको प्रतिस्पर्धात्मक स्थिति, उर्जा संकट, कुल ग्राहस्थ उत्पादनमा निरन्तर रुपमा कमी आउनु, लगानीको सुरक्षाको ग्यारेन्टी नभएकोले विकासको कार्यमा मन्दी आउनु जस्ता कारणहरुले गर्दा बीमामा पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले असर पर्न सक्ने हुनाले ती सम्भावनालाई दृष्टिगत गरी बीमा जोखिमहरु न्यूनीकरणका लागि मध्यकालीन तथा दिर्घकालीन प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीलाई सशक्तिकरण गर्दै लाग्ने नीति रहेको छ । साथै बीमा समिति तथा अन्य नियमनकारी निकायहरुबाट बेला बेलामा परिवर्तन हुने नीतिबाट कम्पनीको कारोवारमा प्रत्यक्ष प्रभाव पर्ने भएकोले यी परिवर्तनहरुलाई समेत आत्मसात गरी कम्पनीले आफ्नो कारोवारलाई अगाडि बढाउने नीति लिएको छ ।

१५. शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ बमोजिम बिक्री गरिने हकप्रद शेयर त्यस्तो शेयरको बिक्री बन्द भएको मितिले बढीमा तीस दिनभित्र सम्बन्धित शेयरधनीहरुलाई बाँडफाँट गरिनेछ र सो को सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्ने व्यवस्था मिलाइनेछ । कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउनेभन्दा बढी शेयरका लागि दरखास्त दिएमा बढी शेयर बाँडफाँट गर्न कम्पनी बाध्य हुनेछैन तर कम शेयरको लागि दरखास्त दिएमा जति बराबरको शेयरको लागि दरखास्त दिएको हो सोही हदसम्म मात्र बाँडफाँट गरिनेछ ।

१६. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्कासन गरिने हकप्रद शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँट गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्कासन निर्देशिकामा भएको व्यवस्था अनुसार हकप्रद शेयर शेयरधनीहरुले उपलब्ध गराएको हितग्राही खातामा धितोपत्र जम्मा गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई हकप्रद शेयरको खरिद बिक्रीको व्यवस्था मिलाइने छ ।

१७. पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :

आर्थिक वर्ष	अधिकतम शेयर मूल्य (रू)	न्यूनतम शेयर मूल्य (रू)	अन्तिम बजार मूल्य (रू)	शेयर कारोवार संख्या (हजारमा)
२०७२/०७३	८७.७२	८१.६	८७.७२	०.०६
२०७३/०७४	१९९१	८९.४७	१००५	४९०.८८
२०७४/०७५	१५०८	६६०	८९०	१.१०
भाद्र	८५२	७६०	८०४	८.५८
आश्विन	८५४	७१२	७७४	११.२९
कार्तिक	७८५	७२६	७३९	१.२५

नोटः कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि. ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने ।

१८. हकप्रद शेयर खरीद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :

(क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्काशन प्रयोजनको लागि हकप्रद निष्काशन पुर्व कम्पनीले सार्वजनिक सूचना मार्फत शेयरको दर्ता किताब बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्वर वा DMAT खाता नम्वर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली कम्पनीले तोकेको ढांचामा आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
(ख) एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिनु पर्नेछ ।
(ग) दरखास्त फाराममा उल्लेख भएका सम्पूण विवरणहरु अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
(घ) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्र वा निष्कासन बैंकको खातामा जम्मा गरी सोको सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ ।
(ङ) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
(च) यस हकप्रद शेयर निष्काशनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश गर्ने तथा दरखास्तसाथ शेयर वापत रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावि गर्न पाउने छैनन् ।
(छ) यस हकप्रद शेयर निष्काशन सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस कम्पनीको सञ्चालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।
(ज) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
(झ) निक्षेप सदस्यहरु मार्फत हितग्राहि खाता खोल्नु भएका लगानीकर्ता महानुभावहरुको हकमा हकप्रद शेयरको दरखास्त फारम बुझाउँदा दरखास्त फाराममा स्पष्ट रुपमा आफूले निक्षेप खाता खोलेको निक्षेप सदस्यको सदस्यता नम्बर र हितग्राही खाता नम्बर उल्लेख गर्नु पर्नेछ । कम्पनीको चुक्ता पूँजी नेपाल स्टक एक्सचेन्ज तथा सिडिएससिमा सूचिकृत भए पश्चात मात्र बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खाता जम्मा गरिने छ ।
(ञ) यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयरको आवेदन दिंदा हितग्राही खाता (DEMAT) हुनेहरुको हकमा सोझै हितग्राही खातामा जम्मा हुने गरी वितरण गरिने हुंदा आफ्नो हितग्राही खाता (DEMAT Account) आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ साथै हितग्राही खाता नहुनेहरुले आवेदन दिंदा आफ्नो होल्डर नम्बर स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (DEMAT) रुपमा कायम रहेको शेयर अनुसार हकप्रद शेयरको लागि आवेदन दिंदा त्यस्ता शेयरधनीहरुको शेयर भौतिक तथा अभौतिक (DEMAT) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन फारम भरी दरखास्त दिनुपर्नेछ ।
(ट) रु.१० लाखभन्दा बढी रकमको हकप्रद शेयरको लागि आवेदन दिने शेयरधनीहरुले अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) दरखास्त आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।
(ठ) हकप्रद शेयरका लागि दरखास्त बुझाउंदा एकै शेयरधनीको शेयर भौतिक तथा अभौतिक (Demat) जुनसुकै रुपमा कायम रहेता पनि आफूले पाउने सम्पूर्ण शेयरको एउटै मात्र अवेदन मार्फत दरखास्त दिन सकिनेछ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः

आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरि मनोनयन गर्दा संस्थापक शेयरधनीहरुको हकमा यस कम्पनीको केन्द्रीय कार्यालय नारायणचौर, नक्साल, काठमाण्डौ तथा सर्वसाधारण शेयरधनीहरुले निष्कासन तथा बिक्री प्रवन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौमा सम्पर्क राखि आफुले प्राप्त गरेको हकप्रद शेयर खरिद गर्न पाउने सम्पूर्ण वा आंशिक हक अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न सक्ने छ । सो को लागि निम्नानुसारको व्यवस्था पालना गर्नु पर्ने हुन्छ ।

क) कुनै पनि व्यक्तिले आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्ने गरी दिन सक्ने छ ।
ख) हक हस्तान्तरण सम्बन्धी कारोबार गर्दा न्यूनतम १० कित्ता भन्दा कम नहुने गरि मनोनयन गर्नु पर्ने छ ।
ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन पाइने छैन, तर आफ्नो पुरै हक उपयोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सक्नेछ ।
घ) हक हस्तान्तरण गरि शेयर लिन मनोनित हुने शेयरवाला हक हस्तान्तरण हुनु पहिले वा हक हस्तान्तरण पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्याको १५ प्रतिशत भन्दा बढी नहुने गरि मनोनित भएको हुनुपर्ने छ ।
ङ) संस्थापक समूहको शेयर हक हस्तान्तरण गर्दा प्रचलीत कानूनको अधिनमा रहि संस्थापक समूहको शेयर संस्थापक समुहको शेयरवालामा र सर्वसाधारण समुहको शेयर सर्वसाधारण शेयरवालाहरुमा रहने गरी मात्र हस्तान्तरण गर्न सक्ने छन् । हक हस्तान्तरण गर्दा कम्पनीको शेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा कुनै परिवर्तन हुनेछैन । प्रत्येक शेयरवालाको एक शेयर बरावर एक मत हुनेछ ।
च) प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्सा समेत पेश गर्नु पर्नेछ ।
छ) प्रचलित कानून बमोजिम मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा कानून बमोजिम अयोग्य नभएको हुनुपर्ने छ ।
ज) हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र गर्ने गरि मनोनयन भएको हुनु पर्नेछ ।
झ) शेयरधनीले आफुले पाएको हक अरु कसैलाई मनोनयन गर्दा तोकिएको ढाँचामा कम्पनीमा निवेदन दिनु पर्ने छ । साथै हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशतले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाउनु पर्नेछ ।
ञ) संचालक तथा आधारभूत शेयरधनीले आफूले हक हस्तान्तरण गर्ने भएमा दरखास्त खुल्ला हुनुभन्दा तीन दिन अगाडि हक हस्तान्तरण गरि निष्कासन बैंकमा रकम जम्मा गर्नु पर्नेछ र अन्यको हकमा हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र गर्ने गरि मनोनयन भएको हुनु पर्नेछ ।
(ट) कुनै पनि शेयरधनीहरुको शेयर बैंक तथा वित्तीय संस्था वा अन्य निकायबाट रोक्का रहेको सम्बन्धमा हक हस्तान्तरणको लागि निवेदन पेश गर्दाका बखत रोक्का गर्ने सम्बन्धित संस्था वा निकायको स्वीकृति पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२०. धितोपत्र खरीदका लागि आवेदन फारम पाइने, रकम जम्मा गर्ने र आवेदन फारम बुझाउने स्थानहरु साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्ने वा हेर्न सकिने ठाँउ :

सि.नं.	संकलन केन्द्रहरु
१.	ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाडौं ।*
२.	आइएमई जनरल इन्स्योरेन्स लिमिटेडः **उपत्यका भित्र** : (१) कम्पनीको केन्द्रीय कार्यालय नारायणचौर, नक्साल, काठमाण्डौ (२) गोंगबु (३) कलंकी (४) कोटेश्वर (५) जावलाखेल (६) न्यूरोड (७) सल्लाघारी, भक्तपुर (८) बौद्ध, काठमाण्डौ र (९) टेकु, काठमाडौं **उपत्यका बाहिर** : (१) बिराटनगर (२) बुटवल (३) बीरगंज (४) पोखरा (५) बनेपा (६) नारायणगढ (७) नेपालगञ्ज (८) जनकपुर (९) दोलखा (१०) सोलुखुम्बु (११) ओखलढुंगा (१२) भैरहवा (१३) घोराही, दाङ (१४) हेटौंडा (१५) धनगढी (१६) विर्तामोड ।
३.	सि-आश्वाको सदस्यता लिएका बैंक तथा वित्तीय संस्थाहरुबाट सि-आश्वा प्रणाली मार्फत हकप्रद शेयर भर्न सकिने ।

* उपरोक्त संकलन केन्द्रमा चेकमात्र बुझिलिने व्यवस्था गरिएको छ ।

हकप्रद शेयर निष्कासन सम्बन्धि व्यवस्था तथा विवरणहरु हेर्न तथा प्राप्त गर्न सक्ने स्थानहरुः	
१.	निष्कासन कर्ता कम्पनी - श्री आइएमई जनरल इन्स्योरेन्स लिमिटेडको वेबसाइटः www.iginepal.com
२.	निष्कासन तथा बिक्री प्रबन्धक - श्री ग्लोबल आईएमई क्यापीटल लिमिटेडको वेबसाइटः www.globalimecapital.com.np
३.	श्री नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np बाट पनि हेर्न सकिनेछ ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्धारा अन्य माध्यम मार्फत सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा ग्लोबल आईएमई क्यापीटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी ग्लोबल आईएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आईएमई क्यापीटल लिमिटेडको वेबसाइट www.globalimecapital.com.np तथा श्री आइएमई जनरल इन्स्योरेन्स लिमिटेडको वेबसाइट www.iginepal.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्कासनकर्ता कम्पनी आइएमई जनरल इन्स्योरेन्स लिमिटेडको वेवसाइट www.iginepal.com तथा निष्कासन तथा बिक्री प्रबन्धकको वेबसाइट www.globalimecapital.com.np बाट हेर्न सकिनेछ । धितोपत्र निष्कासनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरण लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णय (Informed Decision) मा पुग्न सहज गर्ने उदेश्यले त्यस्ता विवरणहरु लगायत हकप्रद शेयरको दरखास्त फाराम धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक र निष्कासन कम्पनीको Website मार्फत Download गरी उक्त फाराम सम्बन्धित संकलन केन्द्रमा बुझाउन सक्ने व्यवस्था गरिएको छ ।

२१. निष्काशन बैंक (Bankers to the Issue) सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री कुमारी बैंक लि, दरबारमार्ग, काठमाण्डौ ।	०१२४५२४६१७३०३०१६
२.	श्री ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाण्डौ ।	०१११०१००११०६८

नेपाल धितोपत्र बोर्डलाई तीन दिन अगाडि जानकारी गराई अन्य वाणिज्य बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

२२. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

यस हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिन हुनेछ । ३५ दिन भित्र सम्पूर्ण हकप्रद शेयर बिक्री नभएमा हकप्रद शेयर बिक्री खुल्ला अवधि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ वमोजिम बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२३. क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण :

यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार निष्कासन गरिने हकप्रद शेयरको लागि क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "[ICRANP] IPO GRADE 4" प्रमाण पत्र प्राप्त गरेको छ । "[ICRANP] IPO GRADE 4" ले न्यून औसत आधारहरु (Below Average Fundamentals) जनाउँदछइक्रा नेपालले १ देखि ५ सम्मको ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउछ । क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि. ले यस कम्पनीलाई मिति २०७४/१२/२२ गते क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको हो ।

२४. सञ्चालक तथा आधारभूत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको सञ्चालक तथा आधारभूत शेयरधनीहरुले रु. ३३,७५,४५,४००/- जम्मा गरिसकेको व्यहोरा अवगत गराउंदछौं ।

यस हकप्रद शेयर निष्कासन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।



दरखास्त फारामको नमूना

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :
निष्कासन खुल्ला मिति : २०७५/०९/... गते
निष्कासन बन्द हुने मिति : २०७५/१०/... गते (बैंकिङ्ग समय पश्चात्)

आइएमई जनरल इन्स्योरेन्स लिमिटेड

को

हकप्रद शेयर खरीद दरखास्त फाराम

मार्फत: Global IME Capital Limited

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

सि.नं.

श्री संचालक समिति,
आइएमई जनरल इन्स्योरेन्स लिमिटेड
नारायणचौर, नक्साल, काठमाडौं ।

कोड नं.
हितग्राही खाता नं.: DP ID / CLIENT ID
शेयरधनी नं.

महाशय,
त्यस कम्पनीबाट प्रकाशित "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७५/०८/०७ गतेको दिनसम्म मेरो/हाम्रो नाममा त्यस कम्पनीको जम्मा (भौतिक/अभौतिक) .... कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा कम्पनीले जारी गरेको १० शेयर बराबर नयाँ ८ (१० : ८) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक)............. कित्ता गरि जम्मा..........कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरण गरिदिनेको शेयरधनीको शेयरधनी नं./हितग्राही नं.	DP ID	Client ID	शेयरधनी नं.
प्रति शेयर रु.१००/- ले बुझाएको रकम	रु.	अक्षरमा	
दरखास्त बुझाएको मिति	२०७५/ /	रसिद/भौचर नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक/कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक	
	In English	Mr./Mrs./Miss/Minor	USE CAPITAL LETTER
ठेगाना	घर नं./वडा नं.	टोल	गाउँ पालिका/न.पा.	जिल्ला
Address	House No./Ward no	Tole	Rural Municipality/Municipality	District
सम्पर्क ठेगाना			
PAN No.		Phone No.	Mobile No.
ना.प्र.प.नं./जारी स्थान		Email ID	
बाबुको नाम			
Father's Name			
बाजेको नाम			
Grand Father's Name			
पति/पत्नीको नाम			
संरक्षकको नाम (नाबालकको हकमा)			
Guardian's Name (incase of minor)			

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ

मार्फत: Global IME Capital Limited

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.
शेयरधनी नं./परिचय नं.

Applicant's Name					
Company's Name	IME General Insurance Limited				
No. of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

For Official Use Only:
चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।
Received by: Shareholder No. DP ID
Date: Stamp Code No. CLIENT ID

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

पोष्ट बक्स नं. २१५९९,
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com